"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

शुक्रबारे, तेह्रथुम

कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:- ४६-०८१/०८२

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना ।

*(प्रकाशित मितिः २०८१/१०/१३)*

छथर गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालित कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुलाई सूचना तथा परामर्श सेवा प्रदान गर्न **"स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधी, २०७९"** बमोजिम आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र (२०८१/१०/२७) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १. | ०६-०८१/०८२ | अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै) | खुला | १ जना। |

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः**

(क) नेपाली नागरिक,

(ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

(ग) पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

(घ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गरेको अनुभव भएको, कम्प्यूटर सम्बन्धि तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिईने छ ।

३. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम ।

४. **उम्मेद्वारको छनोट विधिः** प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन ।

५. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः**

(क) छथर गाउँपालिका कार्यालयको वेभसाइट www.chhatharmun.gov.np बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ । साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ ।

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:-

(ख) फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय – पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

६. **परीक्षा दस्तुरः** रु. ३००।- (अक्षरेपी रु. तिन सय मात्र।)

७. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** छथर गाउँपालिकाको राजस्व फाँटमा वा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

८. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः**
दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको दुईदिन भित्र यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ।

९. **पाठ्यक्रमः** दरखास्त फारामसँगै प्राप्त गर्न सकिने। साथै गाउँपालिकाको website वाट पनि प्राप्त गर्न सकिने छ।

१०. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

११. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस गाउँपालिकाको कार्यालय प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

अशोक पराजुली
प्रमुख प्रशासकीय अधिकृत

*नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्ने छ।*